# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## भेरी नगरपालिका

## जाजरकोट





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## भेरी नगरपालिका

## जाजरकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## भेरी नगरपालिका

### जाजरकोट

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ७२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
भेरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले भेरी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.३ करोड ८१ लाख ९२ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१५ लाख २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ८२ लाख १८ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ७४ लाख ७४ हजार र पेश्की रू.९ लाख ७९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.६ करोड ८६ लाख ७२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड ८४ लाख ७७ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी  वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(.........................)
नायब महालेखापरीक्षक

भेरी नगरपालिका, जाजरकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५९ | ८३ | ३८१९२ | ० | ० | ० | ५९ | ८३ | ३८१९२ | १५२१ | १७४७४ | १८२१८ | ० | ० | ३५६८२ | ९७९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भेरी नगरपालिका जाजरकोट | ६८६७२ | ० | ३८४४० | ३०२३२ | ५३ | ३८१९२ | ६८४७७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : भेरी नगरपालिका, जाजरकोट , भेरी नगरपालिका , जाजरकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दल बहादुर घर्ती | २०७७-९-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राजेन्द्र बहादुर कठायत | २०७६-९-८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३८,१९२,२६२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,५०,५१,६३१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५४,३९,६२,८४२ | **चालु खर्च** | ४५,३१,८०,६३० |
| **प्रदेश सरकारबाट अनुदान** | ७,३७,१०,२७२ | **पूँजीगत खर्च** | २१,५९,८४,०१३ |
| **राजश्व बाँडफाँट** | १०,६८,६२,८७६ | **वित्तीय/अन्य व्यवस्था** | २३,२०,५१,५१४ |
| **आन्तरिक आय** | ९२,५०,१६३ | | |
| **अन्य आय** | १८,०१,६४,५५२ | | |
| **कुल आय** | ९१,३९,५०,७०५ | **कुल खर्च** | ९०,१२,१६,१५७ |
| **बाँकी मौज्दात** | | ३,७७,८६,१७९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>

**परिचयः**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी पालिकामा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भेरी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु भेरी नगरपालिकाको उद्देश्य रहेको छ । यस भेरी नगरपालिका अन्तर्गत १३ वडा, ६९ सभा सदस्य, २१९.७७वर्ग किलोमिटर क्षेत्रफल तथा ३३ हजार ५१५ जनसंख्या रहेको छ ।

लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०९।१२ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :

</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>

**स्थानीय संचित कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

<table>
<tr><th rowspan="2">सि न</th><th colspan="3">आयतर्फ</th><th colspan="2">सि न</th><th colspan="2">व्ययतर्फ</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>रकम</th><th></th><th>विवरण</th><th>रकम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गतवर्षको जिम्मेवारी</td><td></td><td>२५०५१६३१।१६</td><td>१</td><td>चालुखर्च</td><td>४५३१८०६३०।००</td><td>४५३१८०६३०।००</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क)नगद | ० | | २ | **पूँजीगतखर्च** | २१५९८४०१३।०० | २१५९८४०१३।०० |
| | ख)बैंक | २५०५१६३१।१६ | | **३** | **वित्तीयव्यवस्था भुक्तानी** | | ० |
| २ | **राजस्वआम्दानी** | | ११६११३०३९।१७ | | क)ऋण भुक्तानी | ० | |
| | क)आन्तरिक राजस्व | ९२५०१६३।३५ | | | ख)ब्याज भुक्तानी | ० | |
| | ख)संघीय राजस्व बाँडफाँड | ९७७९५९११।०१ | | | ग) अन्य भुक्तानी | ० | |
| | ग)प्रदेश राजस्व बाँडफाँड | १२७७५५९।८१ | | ४ | **निकासाफिर्ता** | ६२१८१८६६।०० | ६२१८१८६६।०० |
| | घ)स्थानिय राजस्व बाँडफाँड | ७७८९४०५।०० | | **५** | **धरौटीफिर्ता** | ० | ० |
| ३ | **संघीयसरकारबाट प्राप्त अनुदान** | | ५४३९६२८४२।०० | ६ | **कार्यसञ्चालनकोष तर्फ खर्च** | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ११९७०००००।०० | | | **क)विविध खर्च खाता** | ० | |
| | ख)सशर्त अनुदान | ३९४८९४०००।०० | | | **ख)प्रकोप व्यवस्थापन कोष** | ० | |
| | ग)समपूरक अनुदान | १९७६८८४२।०० | | ७ | **कार्यसञ्चालनकोष तर्फ बैंक मौज्दात** | | २६४२३८६।०० |
| | घ)विशेष अनुदान | ९६०००००।०० | | | क)विविध खर्च खाता | २६४२३८६।०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | **प्रदेशसरकारबाट प्राप्त अनुदान** | | ७३७१०२७२।०० | | ख)प्रकोप व्यवस्थापन कोष | ० | |
| | क)वित्तीयसमानीकरण अनुदान | १२८४५०००।०० | | ८ | **अन्तरसरकारी वित्तिय हस्तान्तरण तर्फ व्यय** | | १६९८६९६४८।११ |
| | ख)सशर्त अनुदान | ४३७७२१३९।०० | | | क)सामाजिक सुरक्षा कार्यक्रम ३१४०१०१२३ | १३६२६६१२०।११ | |
| | ग)समपूरक अनुदान | १४१२३०००।०० | | | ख)मुख्यमन्त्री रोजगार उद्यमशीलता तथा आयआर्जन कार्यक्रम ३०१००१०२४ | २४६४३११०।०० | |
| | घ)विशेष अनुदान | २९७०१३३।०० | | | ग) पूर्वाधार विशेष कार्यक्रम्३३७०१००१४ | ८१६०४१८।०० | |
| ५ | **कार्यसञ्चालन कोषतर्फको आय** | | २६४२३८६।०० | | घ)आन्तरिक मामिला तथा कानुन मन्त्रालय ३१४०००११३ | ८०००००।०० | |
| | क)विविध खर्च खाता | २६४२३८६।०० | | ९ | **धरौटीखातामा मौज्दात** | ७६५२५१८।०० | ७६५२५१८।०० |
| | ख)प्रकोप व्यवस्थापन कोष | | ० | १० | **मौज्दात** | | २७४९१२७५।३३ |
| ६ | **जनसहभागिता (नगद)** | | ० | | क)नगद मौज्दात | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | **अन्तरसरकारी वित्तिय हस्तान्तरण तर्फ आय** | | १६९८६९६४८।११ | | ख)बैंक मौज्दात | २७४९१२७५।३३ | |
| ८ | क)सामाजिक सुरक्षा कार्यक्रम ३१४०१०१२३ | १३६२६६१२०।११ | | | | | |
| | ख)मुख्यमन्त्री रोजगार उद्यमशीलता तथा आयआर्जन कार्यक्रम ३०१००१०२४ | २४६४३११०।०० | | | | | |
| | ग पूर्वाधार विशेष कार्यक्रम३३७०१००१४ | ८१६०४१८।०० | | | | | |
| | घ)आन्तरिक मामिला तथा कानुन मन्त्रालय ३१४०००११३ | ८०००००।०० | | | | | |
| ९ | **धरौटीआय** | | **७६५२५१८।००** | | | | |
| | क) गत आवको अल्य | ४७२९०४१ | | | | | |
| | ख) यस वर्षको आम्दानी | २९२३४७७ | | | | | |
| | | | | | | | |
| | **जम्मा** | | ९३९००२३३६।४४ | | **जम्मा** | | ९३९००२३३६।४४ |

| | | | | |
|---|---|---|---|---|
| ३ | | | **लेखापरिक्षणको क्रममा असुली**<br><br>**अग्रिम कर वापत रु३९०००।०० असुल भै दाखिला भएको छ ।** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **जिम्मेवारी फरक परेको** : पालिकाको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.२९७८०६७२।१६ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२५०५१६३१।१६ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४७२९०४१।०० घटी जिम्मेवारी सारेको रकम धरौटी तर्फ गत वर्षको अल्यामा देखाएको छ। | |
| ५ | | | **बैक हिसाब मिलान** : पालिका सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम पालिकाले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको ईएफटि बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेकोमा फरक परेको देखिएन । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• पालिकाको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिका संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २053 को नियम 6 (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ११५ जनाको दरबन्दी रहेकोमा २० दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.२ करोड ९७ लाख ९ हजार ८ सय ७७ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र पालिकाका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उप प्रमुख श्री भावना भण्डारीले मिति २०७८।०३।१० गते रु.६१ करोड ९० लाख ४० हजार ९ सय २६ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **बजेट सीमा निर्धारण समिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९ | | | **बजेट तथा कार्यक्रम तर्जुमा:** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १० | | | **अबण्डा बजेट :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो बर्ष रु.२ करोड ९० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मिति को निर्णयबाट चालुतर्फ विभिन्न शीर्षकमा रु.९० लाख र पुँजीगततर्फ विभिन्न शीर्षकमा रु. २ करोड बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **त्रैमासिक पूँजीगत खर्चः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिकखर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । (रु हजारमा) | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>पूँजिगत खर्चतर्फ</td><td>२०३०३८</td><td>५६९७</td><td>४२९२५</td><td>१५४४१५</td><td>९४४१७</td></tr>
<tr><td colspan="2">प्रतिशत</td><td>१००</td><td>२.८०</td><td>२१.१४</td><td>७६.०५</td><td>४६.५०</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.२० करोड ३० लाख ३८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.५६ लाख ९७ हजार अर्थात २.८० प्रतिशत, दोश्रो चौमासिकमा रु.४ करोड २९ लाख २५ हजारअर्थात २१.१४ प्रतिशत तेश्रो चौमासिकमा रु.१५ करोड ४४ लाख १५ हाजरअर्थात ७६.०५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड ४४ लाख १७ हजार अर्थात ४६.५० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः<br><br>
पालिकाको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (रु हजारमा)
<table>
<tr><th rowspan="2">क.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिकविकास</td><td>२,९५,७०</td><td>२,५९,९७</td><td>३.८०</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>३४,५९,३५</td><td>३१,६१,४७</td><td>४७.२४</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>२१,७६,६६</td><td>१७,१०,६५</td><td>२५.५६</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>४,२३,२९</td><td>३,५६,६३</td><td>५.३३</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१२,८५,६८</td><td>१२,०२,९१</td><td>१७.९७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७६,४०,६९</td><td>६६,९१,६४</td><td>१००.००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्य सामाजिक विकासमा सबैभन्दा बढी ४७.२४ प्रतशित र आर्थिक विकासमा सबै भन्दा घटीमा ३.८० प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम पालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ९५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कर्मचारी करारः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले</td><td>७,७४२,५७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ईन्जिनियर जनस्वास्थ्य अधिकृत सुचना अधिकृत कम्प्यूटर अपरेटर सव ईन्जिनियर प्रशासन सहायक फिल्ड सहायक लगायत विभिन्न पदमा ४५ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ४६ लाख १८ हजार ५ सय ६० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको विभिन्न ईन्जिनियर, जनस्वास्थ्य अधिकृत, सुचना अधिकृत, कम्प्यूटर अपरेटर सव ईन्जिनियर, प्रशासन सहायक, फिल्ड सहायक लगायत विभिन्न पदमा १६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.७७ लाख ४२ हजार ५ सय ७० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राखेको नियमसम्मत नदेखिएको रु | |
| १५ | | | **कानून र सञ्चालन स्थितिः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार पालिका सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, ३ वटा नियमावली, २७ कार्यविधि लगायत ६६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ६६ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ । | |
| १६ | | | **न्यायीक समितिः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लगाउन बाकी ३ र यो बर्ष थप भएको २२ गरी कुल २५ विवाद दर्ता भएकोमा २१ वटा मात्र फस्यौंट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br>
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>घर नक्सा अभिलेखीकरण</td><td>३१</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१८८०</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२४२</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१२८</td></tr>
<tr><td>विवाह दर्ता</td><td>६३५</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>१२</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>ग्राभेल सडक निर्माण</td><td>०.१९ कि मी</td></tr><tr><td>ग्राभेल सडक मर्मत</td><td>१९.१५५ कि मी</td></tr><tr><td>माटे कच्ची सडक</td><td>३२.७२ कि मी</td></tr></table>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । पालिकाका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि ५ लाखसम्म</th><th>रु ५ लाखदेखि १० लाख सम्मका</th><th>रु १०लाख देखि १५ लाखसम्मका</th><th>रु १५ लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>३१</td><td>९०</td><td>४५</td><td>१६</td><td>४३</td><td>२२५</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि ७० लाख सम्मका जम्मा २२५ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा पालिकाको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
आर्थिक सहायताः<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ६८ जनालाई रु.५ हजार देखि ५ लाख सम्म गरी रु२१ लाख २८ हजार ९ सय ९९ आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
बार्षिक खरिद योजना/गुरुयोजना ः<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२० करोड ३० लाख ३८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **सवारीसाधन खरिदः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको पालिकामा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ७ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.२० लाख २३ हजार ८ सय ५०, तथा १ थान चार पांङ्ग्रे सवारि साधन खरिदमा रु४७९००००।०० समेत गरी रु६८ लाख १३ हजार ८ सय ५० बजेटबाट खर्च गरेको छ ।<br><br>**सि.नं** / **सवारी साधन** / **संख्या** / **रकम**<br>१ / मोटरसाइकल / ६ / १७९५९५०<br>२ / स्कुटर / १ / २२७९००<br>३ / ब्याक हु लोडर / १ / ४७९००००<br> / **जम्मा** / ८ / ६८१३८५० | |
| २३ | | | **विविध खर्चः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२२ लाख ३२ हजार खर्च गरेको छ ।यस प्रकारको खर्चमा कटौती गर्नुपर्छ। | |

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | ६ | १७९५९५० |
| २ | स्कुटर | १ | २२७९०० |
| ३ | ब्याक हु लोडर | १ | ४७९०००० |
| | **जम्मा** | ८ | ६८१३८५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **डोजर, लोडर, एक्साभेटर मर्मत :**<br><br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.३ लाख ५४ हजार २ सय ९२ खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु.८ लाख ७ हजार ७ सय मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । पालिकाले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |

| सि.नं | मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|---|
| १ | डोजर | २ | २२४२९२ | २९४००० |
| २ | एम्बुलेन्स | १ | १००००० | ४३५००० |
| ३ | सव वहान | १ | २५००० | ४८७०० |
| ४ | ट्याक्टर | १ | ५००० | ३०००० |
| **जम्मा** | | **५** | **३५४२९२** | **८०७७००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **पेश्कीको ब्याज असुल गर्नुपर्ने:**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फस्यौंट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फस्यौंट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । जाजरकोट चेम्बर अफ कमर्सले आव २०७६।०७७ मा रु ४००००० लिएकोमा उक्त पेश्की रकम हालसम्म पनि फस्यौंट नगरेकोले नियम अनुसार व्याज असुल फस्यौंट हुनु पर्ने रु | ८०,००० |
| २६ | | | **पेश्की बाँकी :** | ९७९,२९३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फस्यौंट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फस्यौंट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । देहाय अनुसार म्याद नाघेको अन्य पेश्की रु.९७९२९३।०० रहेको छ । म्याद नाघेको अन्य पेश्की फस्यौंट गर्नुपर्ने रु<br><table><tr><th>क स</th><th>विवरण</th><th>रकम</th></tr><tr><td>१</td><td>होलु खोला ,सन्तखोला झो.पु., भेरी, तिंगरसन्त झो.पु., होलुखोला, भेरीहोलुखोलाझोलुङ्गे पुल योजना उ स</td><td>७७९२९३</td></tr><tr><td>२</td><td>सिमलगैरि खानेपानी निर्माण योजना उपभोक्ता समिति</td><td>२०००००</td></tr><tr><td colspan="2">जम्मा</td><td>९७९२९३</td></tr></table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>आयको अनुमानः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१ करोड ५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।०७९ मा रु.१ करोड ७० लाख ३९ हजार५ सय ६८ अर्थात अनुमान भन्दा १३.६० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थ परक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>कर तथा शुल्क असुली -</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर</td><td>१०५००००</td><td>९६७२३९</td><td>९२.१२</td></tr>
<tr><td>घरजग्गा कर</td><td>१००००००</td><td>९०७७२७</td><td>९०.७७</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>८०००००</td><td>१३०७९३१.५१</td><td>१६३.४९</td></tr>
<tr><td>व्यवसाय कर</td><td>८०००००</td><td>८७९२७०</td><td>१०९.९१</td></tr>
<tr><td>वहाल विटौरी शुल्क</td><td>१०००००</td><td>९१०५६</td><td>९१.०६</td></tr>
<tr><td>अन्यविविध</td><td>११२५००००</td><td>१२८८६३४४.८४</td><td>११४.५४</td></tr>
<tr><td>जम्मा</td><td>१५००००००</td><td>१७०३९५६८.३५</td><td>११३.६०</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>राजश्व अभिलेख :<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३० | | | **राजश्व दाखिला :**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत १३ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |
| ३१ | | | **दहत्तर बहत्तर शुल्क :** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कर्णाली प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । साथै उक्त ऐनमो दफा १२ मा यस ऐनमा उल्लेख गरिएको दरहरु आवश्यताअनुसार प्रदेश सरकारले मात्र परिवर्तन गर्ने सक्ने उल्लेख छ । जसअनुसार पालिकाले ऐनमा तोकीएको भन्दा घटी हुने गरी दर निर्धारण तथा असूल गर्न सक्ने देखिदैन । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले उक्त ऐनमा तोकीए बमोजिम रु ७५ का दरले हिसाब गरी शुल्क असूल गर्नुपर्नेमा रु. ११० का दरले रु.३८ लाख ८१ हजार ९ सय ९० असूल गरेको छ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>असुली गर्न बाँकी आन्तरिक आय —<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस पालिकाले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार १ व्यवसायिबाट रु.३ लाख २१ हजार ३५ असुल गर्न बाँकी रहेको छ ।<br><br><table><tr><th>सि.नं.</th><th>ठेकेदारको नाम</th><th>आय ठेक्काको नाम</th><th>सम्झौता रकम</th><th>दाखिला रकम</th><th>बाँकी रकम</th></tr><tr><td>१</td><td>न्यू विके विल्डर्स एण्ड सप्लार्यस (३०४१५४९७९)</td><td>खिडखोला नाकाबाट नदिजन्य पदार्थ उत्खन्न विक्री वितरण</td><td>६४२०७३</td><td>३२१०३८</td><td>३२१०३५</td></tr></table><br>तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.</td><td>३२१,०३५</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>व्यवसाय कर -</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८ लाख ७९ हजार २ सय ७० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>मोवाईल खरिदः<br><br>आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।पालिकाले विभिन्न विक्रेताबाट रु.९९,८५०।०० रकमको मोवाईल फोनखरिद गरेको छ ।त्यसरी खरिद भएका मोवाईल फोन व्यक्तिगत रुपमा प्रयोग भएको देखिएको हुदा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त नहुने गरी र मितव्ययीता कायम नगरी व्यक्तिगत लाभका आधारमा उक्त फोन खरिद गर्ने सम्बन्धितलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु.
<table>
<tr><td>गो भौ नं मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>४१३।०७९।१।१३</td><td>Oppo F19 Pro मोवाईल सिहजी ईन्टरप्राईजेजबाट खरिद</td><td>५०८५०</td></tr>
<tr><td>१८७।०७८।९।२५</td><td>M526B 8/128 सामसुङ्ग मोवाईल महाराजा मोवाईल एण्ड ईलेक्ट्रोनिक्स सेन्टरबाट खरिद</td><td>४९०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९९८५०</td></tr>
</table></td><td>९९,८५०</td></tr>
<tr><td>३५</td><td>६१<br>१</td><td>२०७९<br>-३-२४</td><td>करकट्टीः</td><td>२९८,२९८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आयकर ऐन, २०५८ को परिच्छेद १७ दफा ८८ (१) अनुसार परमर्शदातालाई रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले अग्रिम करकट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले सहकर्मि समाज, र नगरपालिका विच द्धिपक्षीय सम्झौता गरि पालिका सँग टोल विकास संस्था सुदृढिकरण साझेदारीका लागि कार्यक्रम संचालानार्थ रु.२०,००,०००।०० मा संम्झौता गरेको छ । उक्त परामर्शदाता मुल्य अभिबृद्धि करमा दर्ता समेत भएको देखिएन । सम्झौता अनुसार उक्त परामर्शदातालाई रु.१९,८८,६५६।०० भुक्तानी गर्दा १५ प्रतिशतले अग्रिम करकट्टी रु.२९८,२९८।०० गर्नुपर्नेमा करछुट भएको हुदा उक्त परामर्शदाताबाट छुट कर असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | |
| ३६ | | | **पालिकाका पदाधिकारी सुविधा ः**<br><br>कर्णाली प्रदेश पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.७६८४५००।०० रकम सुविधा वापत भुक्तानी गरेको छ । | |
| ३७ | | | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु ः**<br><br>अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी अनिवार्य रुपमा आन्तरिक लेखा परीक्षण सम्पन्न हुनु पर्ने र आन्तरिक लेखापरीक्षणले औल्याएका व्यहोरा उपर कार्वाही हुनुपर्दछ । आन्तरिक लेखापरीक्षणले औल्याएका तपशिल वमोजिमका व्यहोरा उपर कार्वाही नभएकोले कायम भएका व्यहोरा निम्न अनरसार छनः | ३७०,२४२ |

| आन्तरिक लेखापरीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | असुल गर्नुपर्ने रकम रु |
|---|---|
| ४।२०७८।६।२२ बाट वागेश्वरी किरण निर्माण सेवाले विजक नं. ००१ कारोवार मिति २०७८।६।२० अनुसार रु.५,४२,२२९।४२ को अग्रिम आयकर वापत हुन आउने रु.८,१३३। मध्ये बैंक दाखिला | ७०७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | रु.१,०५७। मात्र गरेकाले कम दाखिला गरेको रु.७,०७६। असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु. | | |
| | | | १०३।२०७८।१२।२३ बाट लामाचौर आँप खेती तथा घेरावार निर्माण उपभोक्ता समिति भे.न.पा. १० जाजरकोटलाई प्राविधिकले मुल्याङ्कन गरेको अन्तिम कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.३,३७,९००। भुक्तानी दिनुपर्नेमा रु.३,३९,५००। भुक्तानी दिएकाले कार्य सम्पन्न प्रतिवेदन भन्दा बढी भुक्तानी दिएको रु.१,६००। सम्वन्धित उ.स. बाट असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु | १६०० | |
| | | | १३०।२०७९।१।२३ बाट जनज्योती प्रा.वि. फिल्ड निर्माण उपभोक्ता समिति भे.न.पा. ११ जाजरकोटलाई असग्रम आयकर कट्टी गरी रु.१,१४,६५४। भुक्तानी दिएकोमा बिल भरपाई जाँच गर्दा उक्त योजनाका निर्माण सामाग्रीहरु ढुवानी गरे वापत क.प्र.०२–००१त ०२१८ का टयाक्टर धनी नवराज आचार्यलाई रु.९८,५००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गरी वाँकी रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकाले असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु | ९८५० | |
| | | | १४४।२०७९।२।१६ बाट स्वास्थ्य चौकी भुरको छाना मर्मत वापत भनी स्वास्थ्य चाकी प्रमुख लालबहादुर खड्कालाई अग्रिम आयकर कट्टी गरी रु.९५,३८७। भुक्तानी दिएकोमा बिल भरपाई जाँच गर्दा बालुवा ढुवानी गरे वापत टयाक्टर चालक डम्वर खत्रीलाई रु.१५,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गरी वाँकी रकम भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएकाले असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु | १५०० | |
| | | | १४६।२०७९।२।१६ बाट सरसफाई सम्वन्धी ड्रम २०० जुठान व्यवस्थापन निर्माण उपभोक्ता समिति भे.न.पा. १३ कुदु, जाजरकोटलाई रु.७,७६,०००। भुक्तानी दिएकोमा बिल भरपाई जाँच गर्दा उक्त योजना निर्माणका २०० थान ड्रमहरु नेपालगञ्ज, बाँकेबाट ढुवानी गरे वापत भे १ ख ३२६४ र ना ५ ख १५९१ भेरी मालिका ढुवानी सेवा नेपालगञ्ज २, बाँकेलाई रु.७२,०००। तथा ढुङ्गा, गिट्टी, बालुवा ढुवानी गरे वापत भे १ त ३४०४ का टयाक्टर चालक राम मनोहर खटिकलाई रु.५०,०००। समेत जम्मा ढुवानी भाडा | ३६०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | रु.१,२२,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर रु.१२,२००। कट्टी गर्नुपर्नेमा रु.८,६००। मात्र कट्टी गरेकाले कम कट्टी गरेको बहाल कर रु.३,६००। सम्वन्धि उ.स. बाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु | | |
| | | | १६२।२०७९।३।५ बाट महतरागाउँ सडक स्तर उन्नती उपभोक्ता समिति भे.न.पा. ११ जाजरकोटलाई रु.१,९७,९०८। भुक्तानी दिएकोमा बिल भरपाई जाँच गर्दा ढुवानी भाडा वापत क.प्र.०२—००१ त ०१६० नं. का ट्याक्टर चालकलाई ढुवानी भाडा वापत रु.१,२५,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर रु.१२,५००। कट्टी गर्नुपर्नेमा रु.४६५। मात्र कट्टी गरेकाले कम कट्टी गरेको बहाल कर रु.१२,०३५। सम्वन्धि उपभोक्ता समितिबाट बाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु | १२०३५ | |
| | | | १७४।२०७९।३।१७ बाट ठुलीचार ठाराबाटा माथिल्लो घरेली खानेपानी उपभोक्ता समितिलाई रु.४७,७७३। भुक्तानी दिएको बिल भरपाई जाँच गर्दा उक्त योजनाका सामाग्रीहरु ढुवानी गरे वापत ट्याक्टर धनी यूवत हमाललाई रु.२४,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर कट्टी गर्नुपर्नेमा कट्टी नगरी पुरै रकम भुक्तानी दिएकाले असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु | २४०० | |
| | | | २०३।२०७९।३।२५ बाट ईवरगाड बरकाल्नेदेखि बाघखोरसम्म सडक निर्माण उपभोक्ता समिति भे.न.पा. ११ जाजरकोटलाई .२,८७,०९३। भुक्तानी दिएकोमा बिल भरपाई जाँच गर्दा उक्त सडक निर्माण कार्यमा एम.ए.डव्लु. अर्ध मुभर्स प्रा.लि. सँग सडक निर्माण कार्यमा स्काभेटर प्रयोग गरे वापत प्रति घण्टा रु.४,०००। का दरले भुक्तानी दिने भनी उपभोक्ता समितिको सम्झौता भएको छ । सो सम्झौता बमोजिम प्राविधिकले तयार गरेको अन्तिम कार्य सम्पन्न प्रतिवेदन अनुसार उक्त स्काभेटरका धनीले स्काभेटर मार्फत १६.८५ घण्टा काम गरी रु.६७,४००। भुक्तानी लिएको देखिएकाले सो को १० प्रतिशत बहाल कर रु.६,७४०। कट्टी गर्नुपर्नेमा नगरेकाले सम्वन्धितबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु | ६७४० | |
| | | | ५६।२०७८।६।२४ बाट विभिन्न कार्यक्रम खर्च भनी रु.७,५७,२२६। भुक्तानी दिएकोमा बिल भरपाई जाँच गर्दा मिति २०७८।६।१५ गते बसेको ३१ औं अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा सम्पन्न | २५५० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | बेरुजु रकम |
| --- | --- | --- | --- | --- | --- |
| | | | भएको ७५ वर्ष माथिका विपन्न ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण कार्यक्रममा सहजिकरण कार्यकालागि म.वि.नि. विपना पौडेललाई रकम भुक्तानी दिएकोमा तपसिलमा उल्लेखित कर्मचारीहरुले रकम बुझेको हस्ताक्षर नभएकाले असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु<br>तपसिल<br>सि.नं. कर्मचारीको नामथर रकम रु.<br>१ सि.अ.हे.व. यज्ञनाथ गौतम १,२७५<br>२ अ.हे.व. दलराज वि.क. १,२७५ | | |
| | | | ७४।२०७८।७।११ बाट चन्दननाथ गण जाजरकोटलाई रात्रिकालिन सुविधा सहितको हेलिप्याड निर्माण वापत गत आ.व.०७७।७८ मा दिएको पेश्की रु.४,५०,०००। फछ्र्यौट गरी बाँकी रु.४,५५,४४५। समेत जम्मा रु.९,०५,४४५। भुक्तानी दिएकोमा बिल भरपाई जाँच गर्दा उक्त योजनाको निर्माण सामाग्रीहरु ढुवानी गरे वापत भनी क.प्र. ००२—००१ त ००८९ का ट्याक्टर धनी तिलक आचार्यलाई रु.३,६२,०००। भुक्तानी गरेको भरपाई पेश भएकोमा १० प्रतिशत बहाल कर कट्टी गर्नुपर्नेमा नगरेकाले सम्वन्धितबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु | ३६२०० | |
| | | | १३४।२०७८।८।२० बाट विभिन्न विद्यालयहरुमा जनशक्ति व्यवस्थापन गर्न आवश्यक बैठक संचालन खर्च वापत अधिकृत छैठौं अमृतबहादुर पुनलाई दिएको पेश्की फछ्र्यौट गरी रु.२,४०,५४०। भुक्तानी दिएकोमा नगर उप प्रमुख श्री भावना भण्डारीले बैठक भत्ता वापतको रकम रु.१,२७५। बुझेको हस्ताक्षर नभएकाले सम्वन्धितबाट असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु | १२७५ | |
| | | | ३८८।२०७८।१२।२७ बाट अपाङ्ग परिचय पत्र वितरण सम्वन्धी बैठक संचालन खर्च वापत म.वि.नि. विपना पौडेललाई रु.२६,२६०। भुक्तानी दिएकोमा कार्यालय सहयोगी रुपा रानाले बैठक भत्ता रकम बुझेको नदेखिएकाले असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु. | ४२५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | ४२८।२०७९।१।१५ बाट तपसिलमा उल्लेखित कर्मचारीहरुले मिति २०७८।११।२७ देखि २०७८।१२।३ सम्मको दैनिक भ्रमण भत्ता वापत रु.१९,२५०। भुक्तानी लिएकोमा गो.भौ.नं. ३६० मिति २०७८।१२।२० बाट मिति २०७८।११।२८ गते बसेको बैठक भत्ता भुक्तानी लिएकाले दोहोरो भुक्तानी लिएको देखिएको रु.२,५५०। सम्वन्धितबाट असुल उपर गरी बेरुजु खातामा दाखिला गर्ने रु<br>तपसिल<br>सि.नं. कर्मचारीको नामथर रकम रु.<br>१ अधिकृत छैठौं श्री अमृतबहादुर पुन १,२७५।<br>२ प्रा.स. श्री चित्रबहादुर वली १,२७५। | २५५० | |
| | | | ५३४।२०७९।३।१७ बाट भे.न.पा. वडा नं. १ लाई दोस्रो र तेस्रो चौमासिक प्रशासनिक खर्च वापत रु.१,०७,०००। भुक्तानी दिएकोम ाबिल भरपाई जाँच गर्दा वडा नं. १ मा संचालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरे वापत भनी पारिश्रमिक रु.२४,०००। वितरण गर्दा कट्टी गरेको पारिश्रमिक कर रु.३,६००। राजश्व खातामा दाखिला गरेको भौचर संलग्न हुनुपर्नेमा नभएकाले सम्वन्धितबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु | ३६०० | |
| | | | ५९३।२०७९।३।२३ बाट एकल महिला तथा अपाङ्गहरुलाई १ महिने सिलाई कटाई तालिम संचालन वापत वडा नं. ७ का वडा सचिव धनबहादुर खत्रीलाई रु.१,००,०००। भुक्तानी दिएकोमा उक्त सिलाई कटाई तालिममा प्रशिक्षण गरे वापत प्रशिक्षक कर्णलाइज परियारलाई दैनिक रु.७७०। का दरले ३० दिनको रु.२३,१००। भुक्तानी गर्दा कट्टी गरेको पारिश्रमिक कर रु.३,४६५। राजश्व खातामा दाखिला गरेको भौचर संलग्न हुनुपर्नेमा नभएकाले सम्वन्धितबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु | ३४६५ | |
| | | | ११।२०७८।११।२६ बाट ठुटे पिपल मुलपानी सडक स्तर उन्नती योजना निर्माण उपभोक्ता समिति भेनपा ४ जाजरकोटलाई रु.२१,९०,०००। भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा ढुवानी भाडा वापत विभिन्न गाडी धनीहरुलाई रु.३,३४,३५०। भुक्तानी गरेकोमा १० प्रतिशत बहाल कर रु.३३,४३५। कट्टी गर्नुपर्नेमा | ३००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | रु.३०,४३५। मात्र कट्टी गरेकाले कम कट्टी गरेका बहाल कर रु.३,०००। सम्वन्धित उ.स. बाट असुल गरी राजश्व खातामा दाखिला गर्ने रु. | | |
| | | | ४४।२०७९।२।१३ बाट ब्रह्मपाखा प्राथमिक विद्यालय भेनपा १ को भवन निर्माण वापत उ.स. लाई रु.१४,५५,०००। भुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा ढुवानी भाडा वापत रु.३,००,०००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर रु.३०,०००। कट्टी गर्नुपर्नेमा रु.१९,८००। मात्र कट्टी गरेकाले कम कट्टी गरेका बहाल कर रु.१०,२००। सम्वन्धित उ.स. बाट असुल गरी राजश्व खातामा दाखिला गर्ने रु | १०२०० | |
| | | | ४६।२०७९।३।२२ बाट स्याउली बजार पुन्मा सडक निर्माण उपभोक्ता समिति भेनपा ७ जाजरकोटलाई रु.१४,५५,०००। भुक्तानी दिएकोमा उक्त सडक निर्माण कार्यमा डोजर भाडामा लिए वापत डोजर मालिकलाई रु.१२,६८,४००। भुक्तानी दिएकोमा १० प्रतिशत बहाल कर रु.१,२६,८४०। कट्टी गर्नुपर्नेमा रु.१३,४००। मात्र कट्टी गरेकाले सम्वन्धित उपभोक्ता समितिबाट असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु. | ११३४४० | |
| | | | ५५।२०७८।११।४ बाट विपद् व्यवस्थापन समितिको बैठक खर्च वापत अधिकृत छैठौं सुधा कुमारी हमाललाई दिएको पेश्की फर्स्योट समेत रु.३९,२२०। झुक्तानी दिएकोमा विल भरपाई जाँच गर्दा पत्रकार महासंघका अध्यक्ष बालकुमार शर्माले बैठक भत्ता रु.१,२७५। बुझेको हस्ताक्षर नभएको र पारिश्रमिक कर रु.५,१००। कट्टी गर्नुपर्नेमा रु.४,१००। मात्र कट्टी गरेकाले असुल उपर गरी बेरुजु। राजश्व खातामा दाखिला गर्ने रु. | २२७५ | |
| | | | ६९।२०७९।१।१९ बाट टेम्रे पाखी देखी तल्लो विराले सम्म सिंचाई कुलो निर्माण उ.स. ले रु ३०,५००। को ढुवानी गरे वापत १० प्रतिशतका दरले हुन आउने बहाल कर कट्टा गरेको नदेखीएकोले असुल गरी दाखीला गर्ने रु | ३०५० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | ८६।२०७९।२।९ बाट विर बहादुर नेपालिको घरदेखी उदाम नेपालिको घरसम्म बाटो निर्माण उ.स.ले रु २१०००। को गीट्टी ढुवानी गरेवापत १० प्रतिशत बहाल कर कट्टी नगरेकाले असुल गर्नुपर्ने रु | २१०० | |
| | | | ८१।२०७९।२।५ बाट बहुआयामिक विकाश तथा अध्ययन मञ्चले वालमैत्रि शासन रणनितिक योजना पुनरालोलकन तथा अभिमुखिकरण कार्यक्रममा खाना खर्च वापत रु ७०,०००। को अग्रीम करले हुन आउने १.५ प्रतिशतका दरले हुने रुकम रु.१,०५० असुल उपर गरी राजश्व खातामा दाखिला गर्ने रु | १०५० | |
| | | | १०८।२०७९।३।७ बाट जगतिपुर स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिबाट देहायबमोजीमको रकम असुल गरी दाखिला गर्नुपर्ने<br>(क) १.५ प्रतिशतले जम्मा अग्रीम कर वापत रु २५०९५ । कट्टी गर्नुपर्नेमा रु ८८८९ । मात्र देखीन आएकोले बाँकी रु १६२०६<br><br>(ख) १० प्रतिशतले डोजर भाडाको बहाल कर वापत रु १,८४,४२४। कट्टी गनुपर्नेमा रु १,६०,०७८ । मात्र देखीन आएकोले बाँकी रु २४३४६ | ४०५५२ | |
| | | | १२०।२०७९।३।१६ बाट बुढापाखा पानिट्यांकी सुधार योजन उ.स.ले अग्रीम कर वापत रु २,५८८। कट्टा गर्नुपर्ने रु २०६१ । मात्र कट्टा गरेकोले बाँकी दाखीला गर्नुपर्ने रु | ५२७ | |
| | | | १२८।२०७९।३।२० बाट युवा जागरण नेपालले देहायबमोजिमको कर कट्टा नगरेकोले असुल गरी दाखीला गर्ने रु<br>(क) १५ प्रतिशतले पारिश्रमीक कर वापत रु ८१००<br>(ख) १० प्रतिशतले बहाल कर वापत रु ४६००<br>जम्मा पारिश्रमीक र बहाल कर रु १२७०० । कट्टी गर्नुपर्नेमा रु ५१००। मात्र देखीन आएकोले बाँकी रु | ७६०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | १४३।२०७९।३।२४ बाट विद्युत अफीस देखी कुदु रिङरोड निर्माण उ.स.ले अग्रीम कर वापत रु ३००८ । कट्टी गर्नूपर्नेमा रु १४५० । मात्र देखीन आएकोल बाँकी असुल गर्ने रु | १५६० | |
| | | | १६४।२०७९।३।२५ बाट भुर स्याउली सडक निर्माण उ.स.ले रु २०,०००। ढुवानी गरेवापत १० प्रतिशत बहाल कर असुल गरी दाखीला गर्ने रु | २००० | |
| | | | १६।२०७८।८।२ बाट ज.नि निशा थापाले महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाको ३ दिने तालिम सञ्चालन गर्दा देहायको कर कट्टा नगरेकोले असुल गरी दाखिला गर्ने रु<br>(क) प्रशिक्षक भत्ता<br>सि.नं. नाम पारिश्रमीक रकम १५ प्र. पारिश्रमीक कर<br>१ जयकुमारी खड्का २८००। ४२०।<br>२ यज्ञनाथ गौतम ८४००। १२६०।<br>जम्मा रु. ११,२००। १,६८०। | १६८० | |
| | | | ३२।२०७८।९।१४ बाट ज.नि निशा थापाले उपचारात्मक सेवाका लागि कार्यक्रम सञ्चालन गर्दा देहायको अवस्था देखीन गएकोले असुल गरी दाखीला गर्ने रु<br>(क) स्थानीय भत्ता र दैनिक भ्रमण भत्ता<br>नाम दिन दर दैनिक स्थानिय भत्ता पाएको रकमबढी रकम<br>यज्ञनाथ गौतम १०.५ १३२०। १७५। १३८६०। १८३५।<br>टेक बहादुर घर्ति १०.५ १३२०। १७५। १३८६०। १८३५। | ३६७० | |
| | | | ४४।२०७८।१०।२ बाट न्यानो झोला खरिदका लागि सिरिज नेटवर्क प्रा.लि लाई रु २,६९,३९९। भुक्तानी दिदा अग्रीम कर वापत रु ४०४०। काट्नुपर्नेमा रु ३५७६ मात्र देखिन आएकोले बाँकी असुल गरी दाखिला गर्ने रु | ४६४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३६।२०७९।१।७ बाट यज्ञ बहादुर अधिकारीले खाद्यान्न बालिको उन्नत विउ उपयोग मुल्य अनुदान कार्यक्रम वापत अग्रीम कर रु ११२५०। कट्टा गरी भुक्तानी लिनुपर्नेमा रु ७५००। मात्र देखिन आएकोले बाँकी असुल गरी दाखिला गर्ने रु.</td><td>३७५०</td></tr>
<tr><td>११५।२०७८।१२।२४ बाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत भुरचौर गाउँघर क्लिनिक भवन निर्माण उ.स.ले जम्मा अग्रीम कर वापत रु ३४५७। कट्टी गर्नुपर्नेमा सो नदेखीएकोले बाँकि असुल गर्ने रु</td><td>६०९</td></tr>
<tr><td>१५०।२०७९।१।२३ र १६७। २०७९।२।५ ज.नि कौशिला बटालाले एल्ऋ जयmभ खष्कष्त कार्यक्रम सञ्चालन गर्दा देहायको अवस्था देखीएकोले असुल गरी दाखीला गर्ने रु.<br>(क) दोहोरो भत्ता
<table>
<tr><th>नाम</th><th>मिति</th><th>दोहोरो मिति</th><th>दोहोरो भत्ता</th></tr>
<tr><td>विमला चन्द</td><td>२०७८।१२।१३—१५<br>२०७८।१२।१४—१६</td><td>२०७८।१२।१४—१५</td><td>२६४०।</td></tr>
<tr><td>शुनिल बुढा</td><td>२०७८।१२।१३—१५<br>२०७८।१२।१४—१६</td><td>२०७८।१२।१४—१५</td><td>२६४०।</td></tr>
<tr><td>टिका रोकाय</td><td>२०७८।१२।१३—१५<br>२०७८।१२।१४—१६</td><td>२०७८।१२।१४—१५</td><td>२६४०।</td></tr>
<tr><td>सुरेन्द्र पुन</td><td>२०७८।१२।१३—१५<br>२०७८।१२।१४—१६</td><td>२०७८।१२।१४—१५</td><td>२६४०।</td></tr>
<tr><td>चेतना बटाला</td><td>२०७८।१२।१३—१५<br>२०७८।१२।१४—१६</td><td>२०७८।१२।१४—१५</td><td>२६४०।</td></tr>
</table>
</td><td>१३२००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>
<table>
<tr><td>लाल ब.खड्का</td><td>२०७८।१२।१३—१५<br>२०७८।१२।१४—१६</td><td>२०७८।१२।१४—१५</td><td>२६४०।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६७।२०७९।२।५ बाट काैशीला बटालाले पेश्की फछ्र्यौट गर्दा निम्न कर दाखीला गरेकोले बाँकी असुल गरी दाखीला गर्ने रु<br>(क) १.५ प्रतिशत अग्रीम कर वापत रु १४१२। दाखिला गर्नुपर्नेमा रु ४०६। मात्र देखीन आएकोले बाँकी रु १००६ ।<br><br>(ख) १५ प्रतिशत पारिश्रमिक कर वापत रु ३०४५। दाखिला गर्नुपर्नेमा रु २१४५। मात्र देखीन आएकोले बाँकी रु ९००।</td><td>१९०६</td></tr>
<tr><td>१७४।२०७९।२।१० बाट कौशिला बटालाले २०७८।१२।१९—२५ सम्मको मितिमा भ्रमण खर्च वापत रकम बुझेको र २०७८।१२।२३ को मितिमा सहजकर्ताको भत्ता समेत गरी दोहोरो सुविधा लिएकोले पारिश्रमिक कर कट्टी सहीत बाँकी असुल गर्ने रु</td><td>२३८०</td></tr>
<tr><td>२४०।२०७९।३।२० बाट हिमाली महिला बचत तथा ऋण सहकारी संस्था लाई सहजीकरण गरेवापत मुख्य प्रशिक्षक र सहायक प्रशिकलाई अर्थ मन्त्रालयको कार्यसंचालर्न निर्देशिका २०७७ को (आठौं संसोधन) ७.१.१५ अनुसार तालीमकेन्द्र बाहेक अन्य निकायबाट संचालित प्रशिक्षकको दर भन्दा बढी भत्ता दिएको साथै मुख्य प्रशिक्षक र सहायक प्रशिक्षक खुल्ने आधार पेश गर्ने र बढी रकम असुल गर्ने<br>नाम दिन दर हुनुपर्ने दर कर जम्मा रकम बढी रकम<br>विजय चौधरी ७ ४२००।१६००।४४१०। २४९९०। १८२००।<br>असिम बुढा ७ ३५००।१५००।३६७५। २०८२५। १४४००।</td><td>३२६००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२५६।२०७९।३।२२ बाट लक्ष्मि घर्तिले आमा समुह पोषण कार्यक्रम संचालन गरेवापत कर दाखिला नगरेकोले देहायको कर असुल गर्ने रु<br>(क) १.५ प्रतिशतका दरले अग्रीम कर रु ३,७१२।<br>(ख) १५ प्रतिशतका दरले पारिश्रमिक कर ५,४००।</td><td>१९१२</td></tr>
<tr><td>३००।२०७९।३।२४ बाट उर्मीला शाहले कार्यक्रम संचालन गरेवापत देहायको पारीश्रमिक कर दाखिला नगरेकोले असुल गर्नुपर्ने रु<br>सि.नं. नाम पद रकम कर<br>१ राजेन्द्र शाह सहजकर्ता३६०००। ५४००।<br>२ सहदेव बस्नेत सहजकर्ता१९८००। २९७०।<br>३ उर्मिला शाह सहायक पाचौ १९५००। २९२५।<br>४ चित्र ब. वलि सहायक पाचौ १९५००। २९२५।<br>५ सन्तोष निरौला प्र.ना.नि ५४००। ८१०।<br>६ पुष्कर राज पन्त प्र.नि ५४००।८१०।</td><td>१५८४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>बढी भुक्तानीः<br><br>अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी व्यवस्था छ । जसअनुसार गाउँपालिका स्तरिय सीप विकास तालिममा कक्षा सञ्चालन वापत रु १४०० का दरले भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रकाश बहादुर शाहीको ५ दिने सुचना संचार र प्रविधि सम्बन्धी तालिम सञ्चानल वापत पेश्की फस्यौंट तथा भुक्तानी गरेकोमा निम्न प्रशिक्षकहरुलाइ निर्देशिकामा उल्लेख भएको भन्दा वढी भत्ता भुक्तानी गरेको पाईएकोले बढी भुक्तानी दिनमिल्ने आधार भए पेश गर्ने अन्यथा बढी भुक्तानी कर बाहेकको रकम असुल हुनुपर्ने रु.</td><td>९,६४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो भौ नं र मिति</th><th>कार्यक्रम</th><th>प्रशिक्षकको नाम</th><th>पेश भएको दिन र सेशन</th><th>भुक्तानी दिएको दर</th><th>भुक्तानी दिएको रु</th><th>भुक्तानी दिनुपर्ने दर तथा सेशन वापत रु</th><th>बढी भूक्तानी रकम रु</th><th>कार्यक्रम सञ्चालन मिति</th></tr>
<tr><td>४३१।०७९।११।१६</td><td>२ दिने मेलमिलाप कर्ताहरुको रिफ्रेसर तालिम</td><td>सुरेन्द्र गौतम सहित ३ जना</td><td>२ दिनको १२ सेशन</td><td>१८००</td><td>२१६००</td><td>११२०० (एक दिनमा ४ शेसन प्रति शेसन १४०० को दर हुनुपर्ने)</td><td>९६४० (कर बाहेक)</td><td>२०७८ चैत्र १६ देखि १७ सम्म</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>९६४०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
विल भरपाई बेगर भुक्तानीः<br><br>
आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको भुक्तानी गर्दा संलग्न फाँटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>६१२।२०७९।३।२४</td><td>न्यायीक समितिको बैठक संचालन खर्च वापत सनत दवाडीलाई भुक्तानी रु.११७८००।०० दिएकोमा रु.१०६३००।०० को मात्र विलभरपाई पेश भएको बाकी प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>११५००</td></tr>
</table>
</td><td>४५६,९२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५१।०७८।१२।१५</td><td>नेपाल विद्युत प्राधिकरणलाई शुल्क वापत रु.८६७६३।०० भुक्तानीमा विल भरपाई पेश नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>८६७६३</td></tr>
<tr><td>२९५।०७८।११।२२</td><td>नेपाल टेलिकमलाई लिज लाईन नम्बर लेजर रकम वापत रु.२६५३०२।०० भुक्तानीमा विल भरपाई पेश नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>२६५३०२</td></tr>
<tr><td>१६६।०७८।८।२४</td><td>ऐना एडभरटाईजमेन्ट लाई सेवा परामर्श वापत रु.९३३६०।०० भुक्तानीमा फोटोकपि विल भरपाई पेश देखिएकाले सक्कल प्रमाण पेश गर्नुपर्ने रु.</td><td>९३३६०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४५६९२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
भुक्तानीमा करः<br><br>
आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.१७२२।०० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>६३१।०७९।३।२५</td><td>सनत दवाडीको स्टेशनरी सामाग्री खरिद वापत अग्रिम कर छुट भएको</td><td>११५४५८</td><td>१.५%</td><td>१७२२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११५४५८</td><td></td><td>१७२२</td></tr>
</table>
</td><td>१,७२२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **भ्रमण खर्च :**<br><br>कर्णाली प्रदेश अन्तर्गतका पालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ४२ | | | **सफ्टवेयर खरिदः**<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । पालिकाले आफ्नो काम सम्बन्धी सफ्टवेयर खरिद गरी देहाय बमोजिम रु.५५३७००।०० खर्च गरेकोमा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।
<table>
<tr><th>क्रस</th><th>सफ्टवेयर</th><th>सप्लार्यस कर्ता</th><th>रकम</th></tr>
<tr><td>१</td><td>दर्ता चलानी व्यवस्थापन प्रणाली</td><td>दिप्शा ईन्जिनियरिङ्ग प्रा लि</td><td>२२६३९५</td></tr>
<tr><td>२</td><td>डिजिटल अपाङ्ग परिचयपत्र व्यवस्थापन प्रणाली</td><td>एम्फासिस टेक फाउन्डेशन प्रा लि</td><td>३२७३०५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>ईन्धन खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकामा भएको डोजर तथा अन्य सवारी साधन प्रयोग वापत ईन्धन खर्च लेखेकोमा डोजर प्रयोग तथा अन्य सवारी साधनको लगबुक भरेको पाईएन । जसले गर्दा वास्तविक रुपमा कति ईन्धन खर्च भएको हो एकिन गर्ने आधार रहेन । तसर्थ सवारी साधन प्रयोग गरेकोमा लगबुक राखी ईन्धन खर्च मा मितव्ययिता कायम गर्नुपर्दछ ।
<table>
<tr><th>क स</th><th>प्रयोजन</th><th>ईन्धन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>डोजर एम्बुलेन्स गाडी तथा बाईकमा प्रयोग</td><td>डिजेल पेट्रोल</td><td>३३०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>अनुत्पादक खर्च<br><br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.३२७००० खर्च गरेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>जगतिपुर मयूर नाचको टोली समुह</td><td>नाच कार्यक्रम संचालन</td><td>२७०००</td></tr>
<tr><td>२</td><td>पिपलडाँडा भत्ती समुह</td><td>बाध्य बाधन साधन खरिद</td><td>१०००००</td></tr>
<tr><td>३</td><td>रमाईलो मेला व्यवस्थापन मुल आयोजक समिती</td><td>रमाईलो मेला व्यवस्थापन खर्च भुक्तानी</td><td>२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३२७०००</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>विरुवा खरिदः<br><br>पालिकाले विरुवा खरिद गर्दा सके सम्म सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदि सरकारी फर्ममा उपलब्ध हुन नसके जिल्ला कृषि विकास कार्यालयले तोकेको कृषि श्रोत केन्द्रबाट विउ विरुवा खरिद गरिनु पर्दछ । यसरी खरिद गरिएको विउ विरुवाको जर्मिनेशन परीक्षण गरेपछि मात्र कृषकलाई उपलब्ध गराउनु पर्दछ ।पालिकाले देहायका कृषि प्राविधिक कर्मचारीहरुलाई विरुवा खरिद गरे वापत भुक्तानि दिएको छ । खरिद गरेका विरुवा कृषकहरुलाई वितरण गरेको भरपाई पेश भएको छ । यसरी खरीद गरिएको विरुवा विक्री गर्ने विक्रेता जिल्ला कृषि विकास कार्यालयबाट श्रोत केन्द्र तोकेको प्रमाण पेश नभएको र खरिद गरिएका विउ विरुवाको जर्मिनेसन परीक्षण नगरेबाट ती विरुवा उपयूक्त भए नभएको एकिन गर्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।
<table>
<tr><th>गो भौ नं मिति</th><th>जिम्मेवार व्यक्ति</th><th>विक्रेता</th><th>खरिद भएको विरुवा</th><th>रकम</th><th>वितरण</th></tr>
<tr><td>२७१।०७८।११।४</td><td>यज्ञ बहादुर अधिकारी</td><td>कार्कि भिजन एण्ड भ्यालु नर्सरी मेलुङ १ दोलखा</td><td>४५० किवि विरुवा</td><td>१८००००</td><td>१३ जना लाई दामाशाहीरुपमा</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>गोदावरी च्याउ प्रविधि केन्द्र गोदावारी १ ललितपुर</td><td>कन्ये च्याउको वीउ १००० प्याकेट</td><td>१०००००</td><td>२८ जनालाई दामाशाहीरुपमा</td></tr>
<tr><td rowspan="3">४८५।०७९।३।५</td><td rowspan="3">यज्ञ बहादुर अधिकारी</td><td>रातोपाण्डा यूवा कृषि सहकारी संस्था लि जाजरकोट</td><td>मकै (देउली) १५०० केजि</td><td>९००००</td><td rowspan="3">१५१ जना कृषकलाई दामाशाही रुपमा वितरण</td></tr>
<tr><td>उद्यमशील महिला कृषक समुह १ जाजरकोट</td><td>मकै वीउ उन्नत (अरुण २) ४०० केजि</td><td>२४०००</td></tr>
<tr><td>उद्यमशील महिला कृषक समुह १ जाजरकोट</td><td>मकै वीउ उन्नत (अरुण २) ५०० केजि</td><td>३००००</td></tr>
<tr><td rowspan="3">५८०।०७९।३।२३</td><td rowspan="3">गोमा थापा मगर</td><td>स्मार्ट कृषि फर्म कोहलपुर ८ बाके</td><td>जि ९ केरा (४५०० थान)</td><td>२२५०००</td><td>२७ जना</td></tr>
<tr><td>कुशे आर्गानिक कृषि फर्म कुशे ५ दम्दला जाजरकोट</td><td>सुन्तला कागति स्वीट लेमन को विरुवा तथा कलमी (९००,३३०० र ३००)</td><td>३३००००</td><td>६३ जना</td></tr>
<tr><td>छवि नर्सरी फर्म रोल्पा</td><td>स्वीट लेमन (१०० थान)</td><td>२५०००</td><td>१४ जना</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td>५७०</td><td>२०७९-३-२३</td><td>करकट्टीः</td><td>७८,९००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आयकर ऐन,२०५८ को परिच्छेद १७ दफा ८८ (१) अनुसार परमर्शदातालाई रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले अग्रिम करकट्टी गर्नुपर्ने उल्लेख छ । पालिकाले पहाडी क्षेत्र विकास अभियान (HRDC), र नगरपालिका विच द्धिपक्षीय सम्झौता गरि पालिकास्तरीय पोषण सहजकर्ता परिचालन कार्यका लागि कार्यक्रम संचालानार्थ रु.५,२६,०००।०० मा संम्झौता गरेको छ । उक्त परामर्शदाता मुल्य अभिबृद्धि कर मा दर्ता समेत भएको देखिएन । सम्झौता अनुसार उक्त परामर्शदातालाई रु.५,२६,०००।०० भुक्तानी गर्दा १५ प्रतिशतले करकट्टी रु.७८,९००।०० गर्नुपर्नेमा करछुट भएको हुदा उक्त परामर्शदाताबाट छुट कर असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | |
| ४७ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -**<br><br>पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत विभिन्न तहका ५५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि. नं. | विद्यालय | शिक्षक दरबन्दी | | | | पदपूर्ति | | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दरबन्दी | राहत | शिक्षण सिकाई अनुदान | नगर शिक्षक अनुदान | स्थायी | करार | राहत | शिक्षण सिकाई अनुदान | नगर शिक्षक अनुदान | |
| १ | बाल विकास | ४२ | ० | ० | २ | ० | ४२ | ० | ० | २ | १११९ |
| २ | प्रावि | १२७ | ३८ | ० | ९ | १२० | ७ | ३८ | ० | ९ | ५४७४ |
| ३ | निमावि | २१ | २३ | ७ | १४ | १९ | २ | २३ | ६ | १४ | ३१७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>मावि</td><td>१३</td><td>१३</td><td>३</td><td>९</td><td>१३</td><td>०</td><td>१३</td><td>३</td><td>९</td><td>१८४५</td></tr>
<tr><td>५</td><td>उमावि</td><td>४</td><td>८</td><td>०</td><td>०</td><td>०</td><td>४</td><td>८</td><td>०</td><td>०</td><td>८४५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३५</td><td>८२</td><td>१०</td><td>३२</td><td>१५२</td><td>१३</td><td>८२</td><td>१०</td><td>३२</td><td>१२४५८</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले पालिकालाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ९७ लाख ३१ हजार ३ सय २१ तलब भत्ता भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु</td><td>९,७३१,३२१</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार भौतिक निर्माणः -<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक पालिकाले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, पालिका अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु पालिकाले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन</td><td>९,०००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ९० लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>लक्ष्मी मावि भेरे</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td></tr>
<tr><td>२</td><td>श्री भगवती आवि गंगारिया</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td>३</td><td>श्री मष्टा आवि गिमा</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td>४</td><td>चन्द्रज्योति आवि दोकाना</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>प्रशिक्षक हुन योग्य प्रमाणपत्र नभएकोः<br><br>सशर्त चालुको ७९।२०७९।११।२६ बाट माध्यमिक तथा आधारभूत तहमा कार्यरत अग्रेजी विषयका शिक्षकहरुको २ दिने क्षमता अभिवृद्धि तालिम (२०७८।९।२९ र ३०) बापत प्रशिक्षक मणिराम शर्मालाई २ दिनको ८ शेसन बापत प्रतिशेसन ३४०० का दरले ८ शेसनको रु २७२०० मा करकट्टी गरी रु २३१२० र यातायात खर्च वापत रु १०००० गरी ३३१२० भुक्तानी गरी खर्च लेखेको छ । उक्त प्रशिक्षकले प्रशिक्षण हुन योग्य भएको आवश्यक प्रमाण कागजात पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>३३,१२०</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>भुक्तानीमा कर —</td><td>१९,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>भैरव आवि भूरचौर आइसीटी निर्माण</td><td>६५००००</td><td>१.५ %</td><td>९७५०</td></tr>
<tr><td>दिपेन्द्र मावि भूर पुस्तकालय निर्माण</td><td>६५००००</td><td>१.५ %</td><td>९७५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>मेयरसँग वालवालिका कार्यक्रमः<br><br>बालमैत्री नगर घोषणाको लागि मेयर सँग वालवालिका कार्यक्रम सञ्चालन गर्न पालिकाले यस वर्ष रु ५४ लाख बजेट सशर्तबाट विनियोजन गरेकोमा रु ४३ लाख १२ हजार ७९० खर्च गरेको छ । उक्त कार्यक्रमहरु कतिपय कार्यक्रमहरु पालिकाकै कर्मचारीहरुबाट सञ्चालनमा आएका छन भने कतिपय विभिन्न गैर सरकारी संस्थाहरु मार्फत पनि गरेको पाइएको छ ।पालिकाकै कर्मचारीहरुबाट गर्न सकिने कार्यक्रम निम्न गैरसरकारी संस्थाहरुबाट गरेकोले उक्त कार्य औचित्यपूर्ण देखिदैन ।
<table>
<tr><th>सि न</th><th>गैरसरकारी संस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>बहुआयामिक विकास तथा अध्ययन मञ्च</td><td>२०२४००</td></tr>
<tr><td>२</td><td>युवा जागरण विकास केन्द्र</td><td>२९१७२३</td></tr>
<tr><td>३</td><td>बहुप्रतिभा तथा कला संरक्षण केन्द्र</td><td>२०००००</td></tr>
<tr><td>४</td><td>विपना फाउन्डेशन</td><td>२७००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>औषधी खरिद —</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाहरुले उक्त प्रक्रियावेगर रु.३३ लाख ३० हजार ७ सय ३७ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br><br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५४ | | | **कृषि कार्यक्रम तर्फः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ. नं. मिति</th><th>विवरण</th><th>विउ विजनको मूल्य</th></tr>
<tr><td>सशर्त चालु<br>१३९।०७९।१।७</td><td>मकैको विउ खरिद ३५० के जी</td><td>७००००</td></tr>
<tr><td>१३६।०७९।१।७</td><td>मकैको विउ खरिद ३८५० के जी</td><td>७५००००</td></tr>
<tr><td>२२५।०७९।३।१५</td><td>कोदोको विउ खरिद ५०० के जी, फापरको विउ खरिद २५० केजी, माटेको विउ खरिद ५० के जी र फापरको विउ खरिद ७० के जी</td><td>७२०००</td></tr>
<tr><td>२७४।०७९।३।२३</td><td>ओखरका कलमी विरुवा १०० वटा</td><td>६००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>अनुदानको अनुगमन —<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले १० कृषि तथा पशुसेवा सहकारी संस्था र समूहलाई बीउपूँजी तथा अनुदानमा रु. २१ लाख ८७ हजार ५०० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा पालिकाबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>छोरी सुरक्षा कार्यक्रमः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि. स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १०००। र त्यसपछि मासिकरु ५००। का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट पालिकाले रकम बैकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनुजरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा ४९६ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रकम रु २४९२००० पठाएको हुंदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ | |
| ५७ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –**<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकामा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत पालिकाभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, खानेपानी, कुलो सिचाई मलामी घाट विद्यालय घेरावार प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १६०६ जनालाई रोजगारी उपलव्ध गराई रु.३ करोड ८९ लाख ३५ हजार खर्च गरेको छ । लक्षित वर्गलाई औषतमा ४२ दिनसम्म रोजगारी उपलब्ध गराई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ५८ | | | **ज्याला दर फरक पारी रकम भुक्तानीः**<br><br>पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ मा उल्लेख भएबमोजिम कामदारलाइ प्रति कामदार रु ५७७ का दरले वा श्रम, रोजगार तथा सामाजिक विकास मन्त्रालयको मिति २०७८।१०।५ को पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८।९।३० को निर्णय अनुसार अदक्ष श्रमिक ज्यालाको ८० प्रतिशत रु ७०४ भुक्तानी दिनुपर्नेमा सो विपरित भुक्तानी नगरी कतिपय योजनामा ७०० र कतिपय योजनामा ६५० का दरले ज्याला भुक्तानी गरेको छ । रोजगार संयोजकको भनाई अनुसार डोर हाजिरीमा वढी श्रमिक र भुक्तानी गर्दा खाता भएका श्रमिकलाई मात्र रकम भुक्तानी गरी उक्त श्रमिकहरुले खाता नभएका श्रमिकलाई रकम भुक्तानी गरेको भन्ने छ ।उदाहरणका लागि मालिका मन्दीर निर्माण योजनामा ६ जनाको डोर हाजिरी रहेकोमा ५ जना श्रमिकलाई ७०० का दरले रकम भुक्तानी गरेको छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को पुर्णपालना गरी कामदारलाइ पारिश्रमिक भुक्तानी गर्नुपर्दछ भने निर्देशिका बमोजिम कार्य नगर्ने संयोजकलाई जिम्मेवार बनाइनु पर्दछ । | |
| ५९ | | | **कार्यालय व्यवस्थापनको रकमबाट आइफोन खरिदः**<br><br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।पूर्वाधार विशेष कार्यक्रमको ४।२०७९।१।७ बाट भेरी खवर मिडियालाई कार्यालय व्यवस्थापन खर्चका रुपमा आएको रु १० लाख बजेटबाट रु ७२५००० को कार्यालय साम्रगी र रु १७५००० को IPhone 13 Pro (128 GB) Waiba mobile zone Maharajgung Kathmandu बाट खरिद गरेको छ । यसरी कार्यालय व्यवस्थापनमा आएको रकमबाट मितव्ययीता नअपनाई आइफोन खरिद गरी खर्च गरेको कार्य औचित्यपूर्ण देखिएको छैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>अन्य कार्यालयको खर्चः<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता ,प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।<br><br>
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जिल्ला अदालत जाजरकोट</td><td>छाना मर्मत</td><td>९७५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>सोझै खरिदः<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष नगरपालिका भवन निर्माण (क्रमागत योजना) लगायतको खरिद कार्य गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसार रु. ६९२१४४८ को सोझै खरिद गरेको देखियो ।कानुनको पालना गरी खरिद कार्य गर्नु पर्दछ।<br><br>
<table>
<tr><th>गो भौ र मिति</th><th>कार्यक्रम</th><th>भुक्तानी</th><th>रकम</th></tr>
<tr><td>२६।२०७८।११।०१</td><td>होडिङ्ग वोर्डहरु खरिद</td><td>मुनलाइट आर्ट सर्भिस</td><td>१८९८४००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३२५।०७९।३।२५</td><td>जनचेतनामूलक सन्देशहरु</td><td>मुनलाइट आर्ट सर्भिस</td><td>१२२९४५५</td></tr>
<tr><td>३२५।०७९।३।२५</td><td>होर्डिङ्ग वोर्ड खरिद</td><td>मुनलाइट आर्ट सर्भिस</td><td>९९९५००</td></tr>
<tr><td>३०।२०७८।११।२</td><td>नगरपालिका भवन निर्माण क्रमागत योजना</td><td>सुमन कन्स्ट्रकसन</td><td>४९१३६१</td></tr>
<tr><td>३२।२०७८।११।३</td><td>नगरपालिका भवन निर्माण क्रमागत योजना</td><td>के वी निर्माण सेवा एण्ड सप्लायर्स</td><td>४९५६९३</td></tr>
<tr><td>३४।२०७८।११।३</td><td>नगरपालिका भवन निर्माण क्रमागत योजना</td><td>लक्की निर्माण सेवा</td><td>४८६४९९</td></tr>
<tr><td>३७।२०७८।११।३</td><td>नगरपालिका भवन निर्माण क्रमागत योजना</td><td>ओम फर्निचर उद्योग</td><td>२५४२५०</td></tr>
<tr><td>४०।२०७८।११।३</td><td>नगरपालिका भवन निर्माण क्रमागत योजना</td><td>श्रीया इन्टेरिया इन्डस्ट्रिज</td><td>३१५१००</td></tr>
<tr><td>४२।२०७८।११।४</td><td>नगरपालिका भवन निर्माण क्रमागत योजना</td><td>विजया लक्ष्मी सजावट एण्ड अर्डर सपेलायर्स</td><td>४१५९७३</td></tr>
<tr><td>६२।२०७९।१।६</td><td>नगरपालिका भवन निर्माण क्रमागत योजना</td><td>विजया लक्ष्मी सजावट एण्ड अर्डर सपेलायर्स</td><td>३३५२१७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>नन्फाइलर —</td><td>२,०१८,५८१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. २१७४८११।०० समेत रु. ११६८८७८१।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
<tr><td>१७१। ०७९।३।२५</td><td>खड्का कृष्ण शिवाको जे भि काठमाण्डौ</td><td>६१७९३६१३८</td><td>१०१५१२९८</td><td>१८३९०६२</td><td>2078M12</td></tr>
<tr><td>२१६। ०७९।३।८</td><td>सविन कन्स्ट्रक्सन जाजरकोट</td><td>६०५६०९५६१</td><td>१५६०४३२</td><td>१७९५१९</td><td>2078 m11</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>बिलभर्पाई भन्दा बढी भुक्तानीः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले निम्न कार्य वापत भुक्तानी दिदाँ वढी भुक्तानी दिएकोले उक्त बढी भुक्तानी रकम प्रदेश सन्चीतकोषमा आम्दानी वाध्नुपर्ने रु
<table>
<tr><th>भौ न मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पार्टी</th><th>विल रकम</th><th>भुक्तानी रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२०४।०७९।३।२५</td><td>वीमा वापत ठे.न.२।०७८।०७९</td><td>थापानिर्माण सेवा जाजरकोट</td><td>१०३४२२।७०</td><td>११००००</td><td>६५७८</td></tr>
</table></td><td>१७,२४६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७।०७९।३।२६</td><td>वीमा वापत ठे.न.१।०७८।०७९</td><td>थापानिर्माण सेवा जाजरकोट</td><td>५९३३२</td><td>७००००</td><td>१०६६८</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१६२७५४।७०</td><td>१८००००</td><td>१७२४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>ल्याव टेष्ट नगरेकोः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा स्पेसिफिकेसन तथा तोकिएको गुणस्तर बमोजिम भए नभएको निरीक्षण परीक्षण गरी आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । पालिकाले प्रकोप व्यवस्थापन कोषबाट Gabion box (1.5*1*1)= 160, (2*1*1)=225 र (2.5*1*1)=160 उच्च गुणस्तर अर्थात Heavy coated तार जाली सिद्धवावा वायर एण्ड ग्यावियन्स प्रा लि बाट खरिद गरी रु १९८५९४१ खर्च लेखेको छ । उक्त तारजालीको गुणस्तर परिक्षण गरेको ल्याव टेष्टको रिपोर्ट उपलब्ध नभएकोले प्रमाण पेश हुनु पर्ने रु</td><td>१,९८५,९४१</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>कार्यसम्पादन जमानतरको म्याद थप बारेः-<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(१) मा वोलपत्र दाताले ऐनको दफा २७(१) बमोजिमको ढाँचामा दफा २७(३) बमोजिमको म्यादभित्र वाणिज्य बैकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ । नियम ११०(४) मा त्यस्तो कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्नाले कार्य सम्पन्न गर्ने अवधि भन्दा एक बर्ष पछिको हुने भएकोले कार्यसम्पादन जमानतको म्याद कार्यसम्पादन गर्ने अवधि भन्दा १३ महिना बढी अवधिको हुनुपर्छ । पालिकाबाट सम्झौता भएका निम्न निर्माणकार्यको कार्यसम्पादन जमानत नियममा उल्लेख भएको अवधि भन्दा घटी अवधिको भएकोले नियमानुसार कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>कामको विवरण</td><td>निर्माण व्यवसायी</td><td>संझौता मिति</td><td>सम्पन्न गर्ने मिति</td><td>जमानतको मिति</td><td>जमानतको हुनुपर्ने मिति</td><td>जमानत रकम</td></tr>
</table>
</td><td>१८८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण</td><td>सविन कन्स्ट्रक्सन जाजरकोट</td><td>०७६।११।१६</td><td>०७९।३।२० म्याद थप पश्यात</td><td>२०७७।११।५</td><td>२०८०।४।१९</td><td>१८८०००</td></tr></table></td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>मुख्यमन्त्री रोजगार कार्यक्रमः</td><td></td></tr>
<tr><td>६६.१</td><td></td><td></td><td>क) विलभर्पाई घटी पेशः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।पालिकाले ६।०७८।१२।१७ बाट दिपेन्द्र प्रा वि भवन निर्माण उ स लाई २१०७७८६।४६ बराबर कामको रकम भुक्तानी गर्दा रु १७१४९९२।५० को मात्र विलभर्पाइ पेश भइ बाकी रु ३९२७९३।९६ को कुनै पनि विलभर्पाइ पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>३९२,७९४</td></tr>
<tr><td>६६.२</td><td></td><td></td><td>ख) विल भर्पाई भन्दा बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । दिपेन्द्र प्रावि भवनको दोश्रो रनिङ विल भुक्तानी गर्दा श्रमिकको ज्याला वापत रु. १७१६००।०० (दक्ष दुईको रु. ६६०००।०० र अदक्ष चारको रु. १०५६००) हुनेमा ज्यालावापत रु. १८७५९६।०० खर्च लेखेकोले रु. १५९९६।०० बढी खर्च लेखेको पाईयो। उक्त बढी खर्च लेखेको रकम अशुलगरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु</td><td>१५,९९६</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>प्राविधिक बिल र कार्य सम्पन्नः<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ६८ | | | **लागत सहभागिता '**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित पालिकाको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ६९ | | | **सव कन्ट्याक्टरबाट काम गराएको :**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यवसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | |

| गोभौनं./मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १६४।०७९।३।२५ | भूर स्याउलि सडक निर्माण उ स | ४३६५००० | न्यू मिलन निर्माण सेवा | ३५१२५१४ |
| प्रदेश सरकारको पूँजीगत | कोल्चौर डौरीकाँडा वडालेख तथा रिठापानी डौरीकाडा सडक निर्माण उ स | २९००००० | मल्ल कन्स्ट्रकसन | २८१२९९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०।२०७८।१२।१६ | | | | | |
| | | | १८।२०७८।१३।१४ | स्याउली बजार १५ शैया अस्पताल अस्पताल फिल्ड निर्माण उ स | १४४४१२३ | महिमा एण्ड गरिमा निर्माण सेवा | १४४४१२३ | |
| | | | ५४।२०७९।३।२४ | पिपे मैदे बडालेख सडक स्तरोन्नती तथा निर्माण उ स | ७७६०००० | मल्ल कन्स्ट्रकसन | ७७६०००० | |
| | | | ३५।२०७९।१।५ | थापाचौर देखि कुकुरेकोट कृषि सडक निर्माण उ स | १३८४७३८ | रोमित कन्स्ट्रकसन | १३८४७३८ | |
| | | | ३३।२०७८।१२।२७ | पिपलकोट देखि कल्याणपुर सडक स्तरोन्नती उ स | ९५५४५० | कालिका बस्नेत निर्माण सेवा | २८४७६२ | |
| | | | २६।२०७८।१२।१६ | रिसाङ्ग तिलङ्गे पोखरा सडक निर्माण उ स | ३७८३००० | मल्ल कन्स्ट्रकसन | ३७८३००० | |
| | | | २२।२०७८।१२।१६ | खाली देखि मैदे सडक निर्माण उ स | १८४३००० | मल्ल कन्स्ट्रकसन | १८४३००० | |
| | | | पूर्वाधार विशेषको १३।२०७९।३।२२ | चन्द्रज्योती आवि देखि झ्यालहाल्ने सम्म सडक निर्माण उ स | ८५४२८० | बस्नेत निर्माण सेवा | ८५४२८० | |
| | | | ११।२०७९।३।१९ | वर्मापाखु पौरी सडक निर्माण उ स | ९७०२१८ | न्यू मिलन निर्माण सेवा | ९७०२१८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८।२०७९।१।१२</td><td>थाव वडालेख सडक निर्माण उ स</td><td>९७०००३</td><td>शंकर निर्माण सेवा एण्ड सप्लायर्स</td><td>९७०००३</td></tr>
<tr><td>१२७।०७९।१।१६</td><td>जुम्ले काफल देखि खालीपाखा कृषि सडक निर्माण</td><td>५२९१०३</td><td>न्यू मिलन निर्माण सेवा जाजरकोट</td><td>५३३५००</td></tr>
<tr><td>१७९।०७९।३।१९</td><td>चिसिमुल महतारा गाउ सडक निर्माण</td><td>४८५३४८</td><td>न्यू मिलन निर्माण सेवा जाजरकोट</td><td>४६३०७४</td></tr>
<tr><td>१८३।०७९।३।२०</td><td>तिमिले डिंगा सडक निर्माण</td><td>१३५४४९०</td><td>मल्ल कन्स्ट्रक्सन जाजरकोट</td><td>१३५८०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>
जनश्रमदान —<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समिति र काम</th><th>सम्झौता रकम</th><th>कार्य सम्पन्न रकम</th><th>उपभोक्ताले व्यहोर्ने %</th><th>घटी अनुपातिक कट्टी रकम</th></tr>
</table>
</td><td>३,६२७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१९९।०७९।३।२४</td><td>धाईरा स्कुल देखि चापाटा सडक निर्माण उ..स.</td><td>८५२१९९।८०</td><td>५९१९५८।७५</td><td>२०.३२</td><td>३६२७</td></tr></table></td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>जटिलसंरचना निर्माण —<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :<br><br><table><tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr><tr><td>२०९।०७९।३।२६</td><td>सडक निर्माण उ.स.</td><td>RCC बाटो निर्माण</td><td>१४५५०००।००</td></tr></table>नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>सहिद स्मृति प्रतिष्ठान अधुरो भवन निर्माणः<br><br>प्रदेश सरकार पूँजीगतको ५१।२०७९।३।२४ बाट सहिद स्मृति प्रतिष्ठान अधुरो भवन पुनः निर्माणको कार्य सहिद स्मृति प्रतिष्ठान अधुरो भवन निर्माण उपभोक्ता समीति बाट गरी रु २३२८००० खर्च लेखेको छ ।यस भवन निर्माणको रु २५३८१४५ को मूल्यांकन गरेर कार्यसम्पन्न पेश गरेको छ । उक्त भवन निर्माण गरेको जग्गाको लगत सोही संस्थाको नाममा भएको प्रमाण पेश गर्नुपर्ने रु</td><td>२,३२८,०००</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग ‘</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>भूर स्याउलि सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>४३६५०००</td><td>डोजर</td><td>४३३६६५१</td></tr>
<tr><td>तल्लो वोहोरा मूलपानी खोला देखि सिमा मसानघाट सम्म जाने सडक निर्माण उ स</td><td>सडक निर्माण</td><td>४३६५००</td><td>डोजर</td><td>४३६५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>सम्झौता अनुसार कार्य नभएको -<br><br>उपभोक्ता समितिसङ्ग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र उपभोक्ता समिति बीच रु. ३३७४३८२।९५ को कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष रु. २५८१९१९ को मात्र कार्य भएको पाईयो ।सघीय सरकारबाट प्राप्त अनुदान रकमको रुपमा उच्च पहाडी हिमाली क्षेत्र समृद्धि कार्यक्रमवाट प्राप्त रु ३० लाख मध्ये रु २११७५३६ मात्र खर्च भई बाकी रकम फिर्ता भएको छ । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित हुनुका साथै आ.व. २०७९।८० मा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समेत उक्त योजनामा बजेट विनियोजन नगर्दा योजनाहरु अधुरो नै रहन सक्ने जोखिम रहन्छ । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ । | |
| ७५ | | | **बहुउद्देश्यीय सामुदायिक भवन निर्माणः**<br><br>प्रदेश सरकार पूँजीगतको ५२।२०७९।३।२४ बाट बहुउद्देश्यीय सामुदायिक भवन निर्माणको कार्य स्याउली साना किसान कृषि सहकारी संस्था लिमिटेड बाट गरी रु १८१४५६० खर्च लेखेको छ ।यस भवन निर्माणको लागत अनुमान २३१२२०० को बनाई रु २२३०९०८ को मूल्यांकन गरेर कार्यसम्पन्न पेश गरेको छ । उक्त भवन निर्माण गरेको जग्गाको लगत सोही संस्थाको नाममा भएको प्रमाण पेश गर्नुपर्ने रु | १,८१४,५६० |
| ७६ | | | **उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य –**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले ओभरहेड बाहेक रु. ९९४४४९६ को लागत अनुमान भएको पिपे मैदे बडालेख सडक स्तरोन्नती तथा निर्माण योजनामा पालिकाले रु. ८० लाख र जश्रमदानबाट रु.१९४४४९६ बेहोर्ने गरी उपभोक्ता समितिबाट गराएको पाइयो । यस वर्ष उक्त कार्यकालागी रु. ७७६०००० खर्च लेखेको छ ।सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ । | |
| ७७ | | | **निर्माण व्यावसायीले कर विजक पेश नगरेकोः**<br><br>मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ मा दर्ता भएको विक्रेताले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाइ अनिवार्य विजक दिनुपर्ने व्यवस्था छ भने दफा १८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले रितपुर्वकको कर विजक जारी गर्नुपर्दछ । पालिकाले देहायका उपभोक्ता समितिलाई सडक निर्माण वापत रकम भुक्तानी गर्दा मेशीन प्रयोग गरी कार्य गरेको देखिन्छ | २०५,१०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । उपभोक्ता समितिले कार्य गरेवापत निर्माण व्यावसायी सँग डोजरको सम्झौता गरी उक्त निर्माण व्यावसायी लाई भर्पाईको आधारमा रकम भुक्तानी गरेको छ ।तसर्थ उक्त मेशिन वापत खर्च भएको मूल्य अभिवृद्धि कर र मूल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार लाग्ने जरीवाना समेत हिसाव गरी संघिय संचित कोषमा दाखिला गर्नेपर्ने रु. | |
| ७८ | | | **बचत तथा ऋण सहकारी संस्थालाई अनुदान —**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस पालिकाले यो वर्ष हिमाली महिला बचत तथा ऋण सहकारी संस्था लाई रु. १६०००० अनुदान उपलब्ध गराएको छ। | |
| ७९ | | | **डीपीआर खर्च —**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| गो.भौ.नं. र मिति | उपभोक्ता समिति | मेसिनको रकम भुक्तानी लिनेको नाम | मेशिन प्रयोग भै भुक्तानी भएको रकम रु. | मूल्य अभिवृद्धि कर |
|---|---|---|---|---|
| ४६।२०७९।३।२२ | स्यालीबजार पुन्मा सडक निर्माण उ स | जिवन डाँगी | १२६८४०० | १४५९२२ |
| पूर्वाधार विकास कार्यक्रम | दलित टोल बाखखोर सडक निर्माण उ स | सिह एण्ड बदर्श | ५१४४०० | ५९१७९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| कार्यविवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाटनिर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| सदरमुकाम बजार क्षेत्रको ढल व्यवस्थान | बुढीनन्दाकन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ प्रा लि | १९६०३९९ | १९६०३९९ | १७३२३७२९८.२ |
| आखा अस्पताल निर्माणको विस्तृत विवरण | एन.पि.इन्जिनियरिङगकन्स्ट्रक्शन एण्ड डिजाइनर | १८९९८४२ | १८९९८४२ | ४०५९७२७३ |
| नगर अस्पतालको विस्तृत परियोजना | आरभीइन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.ली. | १८९९९८२ | १८९९९८२ | १७०८५१३०८ |
| भुरचौर स्याउली जोड्ने सडक परियोजना | ओराजिलइन्जिनियरिङ कन्सल्टयान्ट सर्भिस प्रा.लि. कोटेश्वर, काठमान्डौ | ४९७५७४।०० | ४९७५७४।०० | ५६२२७५०९ |
| जगतिपुर वायु घट्ट देखि डाक्पा कभर्डहल जोड्ने सडक परियोजना | आइडियाकन्सल्ट प्रा.लि. सुकेधारा, काठमान्डा | ४८०६०६।०० | ४८०६०६।०० | ३८०५५९९८ |
| नेटी बजार देखि मालिका सडक परियोजना | मालिकाग्रुप अफ ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. लइनचौर काठमान्डौ | ४९६८४८।०० | ४९६८४८।०० | ३६०९४७३८ |
| **जम्मा** | | **५७६०२२३** | **५७६०२२३** | **५१५०६४१२४.४** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ८० | | | **गुणस्तर परीक्षण -**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।शहरी विकास तथा शासकिय सुधार कार्यक्रम अन्तर्गतका योजना र यस पालिकबाट संचालित उपभोक्ता समितीहरुले गरेका योजनामा खरिद गरेका गुणस्तर परीक्षण गर्नुपर्ने कुनै पनि सामाग्रीको गुणस्तर परीक्षण गरेको पाईएन । | |
| ८१ | | | **सार्वजनिक परीक्षण -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम पालिकाले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ८२ | | | **परामर्श सेवा —**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.५७६०२२३।०० खर्च | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखेको पाइयो । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ८३ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.२५ लाख ३१ हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राखु पर्नेमा राखे गरेको छैन । | |
| ८४ | | | **सामाजिक सुरक्षातर्फः**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा निम्नअनुसार व्यहोराहरु देखिएका छनः | |
| ८४.१ | | | पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८४.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन। कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८४.३</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७७ को बुदा १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक पालिकाले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्ने भन्ने छ । पालिकाले नियममा भएको व्यवस्था अनुसार सामाजिक सुरक्षा पाउने लाभग्राहीको विवरण उक्त सुचना प्रणालीमा पूर्ण रुपमा प्रविष्ट गरेको पाईएन। सबै लाभग्राहीको विवरण सुचना प्रणालीमा प्रविष्ट गरी यथार्त लगत कायम गर्नुपर्ने देखिएको छ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br><br>- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><table><tr><th>गत वर्षसम्मको बेरुजू ९A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू ९द्य०</th><th>गत बर्षसम्मको बाँकी बेरुजू ९ऋृद्ध.द्य०</th></tr><tr><td>६८६७२</td><td>३८४४०</td><td>३०२३२</td></tr></table><br>यस वर्ष फस्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।<br><table><tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फस्यौंटको आधार</th><th>सम्परीक्षण</th></tr><tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr></table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७६।७७ | ११७ | धनसरा राना वेरुजु असुल गरी पे फ | ० | ० | ० | ३५१०५ | ३५१०५ |
| २ | २०७६।७७ | ११७ | निशा थापा पे फ | ० | ० | ० | ३६५०० | ३६५०० |
| ३ | २०७६।७७ | ११७ | निशा थापा पे फ | ० | ० | ० | २७००० | २७००० |
| ४ | २०७६।७७ | ११७ | जाजरकोट युवा व्याडमिन्टन सघं पे फ | ० | ० | ० | १९८०० | १९८०० |
| ५ | २०७६।७७ | ११७ | लक्ष्मी घर्ती पे फ | ० | ० | ० | ३६४०० | ३६४०० |
| ६ | २०७६।७७ | ११७ | महेश कुमार आचार्य पे फ | ० | ० | ० | ६५००० | ६५००० |
| ७ | २०७६।७७ | ११७ | विद्या शाह पे फ | ० | ० | ० | १०००० | १०००० |
| ८ | २०७६।७७ | ११७ | रिसर्च पावर इम्पावरमेन्ट एण्ड सपोर्ट प्रा लि पे फ | ० | ० | ० | ३००००० | ३००००० |
| ९ | २०७६।७७ | ११७ | खड्का कृष्ण सन्तोष जे भी पे फ | ० | ० | ० | २५२९८६२ | २५२९८६२ |
| १० | २०७६।७७ | ११७ | जिल्ला प्रशासन कार्यालय पे फ | ० | ० | ० | ३०००० | ३०००० |
| ११ | २०७६।७७ | ११७ | निशा थापा पे फ | ० | ० | ० | २०००० | २०००० |
| १२ | २०७६।७७ | ११७ | निशा थापा पे फ | ० | ० | ० | ४५००० | ४५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १३ | २०७६।७७ | ११७ | निशा थापा पे फ | ० | ० | ० | १३९००० | १३९००० | |
| | | | १४ | २०७६।७७ | ११७ | विजया मावि भवन निर्माण उ स | ० | ० | ० | ९३०००० | ९३०००० | |
| | | | १५ | २०७६।७७ | ११७ | सन्तोष निर्माण सेवा पे फ | ० | ० | ० | ४३९६४१ | ४३९६४१ | |
| | | | १६ | २०७६।७७ | ११७ | सन्तोष निर्माण सेवा पे फ | ० | ० | ० | ३७३८१६ | ३७३८१६ | |
| | | | १७ | २०७६।७७ | ११७ | सन्तोष निर्माण सेवा पे फ | ० | ० | ० | ४३९६४१ | ४३९६४१ | |
| | | | १८ | २०७६।७७ | ११७ | सन्तोष निर्माण सेवा पे फ | ० | ० | ० | १२५३०९८ | १२५३०९८ | |
| | | | १९ | २०७६।७७ | ११७ | सन्तोष निर्माण सेवा पे फ | ० | ० | ० | ५२०७७१ | ५२०७७१ | |
| | | | २० | २०७६।७७ | ११७ | लक्ष्मी वली बेरुजु असुल गरी पे फ | ० | ० | ० | ५८०८०० | ५८०८०० | |
| | | | २१ | २०७६।७७ | ११७ | शाहिबाबा एण्ड तारा कन्स्ट्रक्सन असुल गरी पे फ | ० | ० | ० | ४२३०६३ | ४२३०६३ | |
| | | | २२ | २०७६।७७ | ११७ | सरस्वती मावि भवन निर्माण पे फ | ० | ० | ० | १०००००० | १०००००० | |
| | | | २३ | २०७६।७७ | ११७ | केशव शाह कन्स्ट्रक्सन | ० | ० | ० | १२३५१११ | १२३५१११ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२४</td><td>२०७६।७<br>७</td><td>११७</td><td>केशव शाह कन्स्ट्रक्सन</td><td>०</td><td>०</td><td>०</td><td>१२३५११<br>१</td><td>१२३५११<br>१</td></tr>
<tr><td>२५</td><td>२०७६।७<br>७</td><td>११७</td><td>सबिन कन्स्ट्रक्सन</td><td>०</td><td>०</td><td>०</td><td>३७४०४१</td><td>३७४०४१</td></tr>
<tr><td>२६</td><td>२०७६।७<br>७</td><td>११७</td><td>सबिन कन्स्ट्रक्सन</td><td>०</td><td>०</td><td>०</td><td>३७४०४१</td><td>३७४०४१</td></tr>
<tr><td>२७</td><td>२०७६।७<br>७</td><td>११७</td><td>न्यू मिलन निर्माण सेवा पे<br>फ</td><td>०</td><td>०</td><td>०</td><td>३७४५५८</td><td>३७४५५८</td></tr>
<tr><td>२८</td><td>२०७६।७<br>७</td><td>११७</td><td>न्यू मिलन निर्माण सेवा पे<br>फ</td><td>०</td><td>०</td><td>०</td><td>३७४५५८</td><td>३७४५५८</td></tr>
<tr><td>२९</td><td>२०७६।७<br>७</td><td>११७</td><td>धन एण्ड नविन निर्माण<br>सेवा पे फ</td><td>०</td><td>०</td><td>०</td><td>३७५४२३</td><td>३७५४२३</td></tr>
<tr><td>३०</td><td>२०७६।७<br>७</td><td>११७</td><td>के सी निर्माण सेवा पे फ</td><td>०</td><td>०</td><td>०</td><td>३७४८८३</td><td>३७४८८३</td></tr>
<tr><td>३१</td><td>२०७६।७<br>७</td><td>४८</td><td>जिल्ला अस्पताल देखि<br>चाम्रे पिपल पदमार्ग उस<br>को रकम असुल भई<br>दाखिला भएको</td><td>३०४५</td><td>०</td><td>०</td><td>०</td><td>३०४५</td></tr>
<tr><td>३२</td><td>२०७६।७<br>७</td><td>५०</td><td>अनुगमन भत्ता वढी<br>भुक्तानी असुल भई<br>दाखिला भएको</td><td>४४००</td><td>०</td><td>०</td><td>०</td><td>४४००</td></tr>
<tr><td>३३</td><td>२०७६।७<br>७</td><td>५४</td><td>वढी भुक्तानी रकम असुल<br>भई दाखिला भएको</td><td>१६०७५<br>४</td><td>०</td><td>०</td><td>०</td><td>१६०७५४</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३४ | २०७६।७७ | ६७ | कृति वहादुर थापा रु ४०००००, कृति बहादुर थापा रु १२२५८२७ र नवराज शर्माको रु ३४९०७० असुल भई दाखिला भएको | १९७४८९७ | ० | ० | ० | १९७४८९७ |
| ३५ | २०७६।७७ | ७५ | आवश्यक प्रमाण कागजात पेश | ० | ४९९६१६ | ० | ० | ४९९६१६ |
| ३६ | २०७६।७७ | ९६ | वढी भुक्तानी रकम असुल भई दाखिला भएको | २०३४५ | ० | ० | ० | २०३४५ |
| ३७ | २०७६।७७ | ९९ | वढी भत्ता भुक्तानी रकम असुल भई दाखिला | २४००० | ० | ० | ० | २४००० |
| ३८ | २०७६।७७ | १०२ | कर रकम असुल दाखिला | ४२७०० | ० | ० | ० | ४२७०० |
| ३९ | २०७६।७७ | १०३ | दैनिक भ्रमण भत्ता असुल भई दाखिला | ९९०० | ० | ० | ० | ९९०० |
| ४० | २०७६।७७ | १०५ | आवश्यक प्रमाण काजगात पेश | ० | ४५३९०० | ० | ० | ४५३९०० |
| ४१ | २०७६।७७ | १०६ | कर रकम असुल दाखिला | ४५०० | ० | ० | ० | ४५०० |
| ४२ | २०७६।७७ | १०७ | वढी भुक्तानी रकम असुल भई दाखिला भएको | ३२७५ | ० | ० | ० | ३२७५ |
| ४३ | २०७६।७७ | १०८ | कर रकम असुल दाखिला | १४५० | ० | ० | ० | १४५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ४४ | २०७६।७७ | १०९ | वढी भुक्तानी रकम असुल भई दाखिला भएको | २९८७ | ० | ० | ० | २९८७ | |
| | | | ४५ | २०७६।७७ | ११० | कर रकम असुल दाखिला | १००० | ० | ० | ० | १००० | |
| | | | ४६ | २०७६।७७ | ११६ | कर रकम असुल दाखिला | ९७५० | ० | ० | ० | ९७५० | |
| | | | ४७ | २०७७।७८ | ८० | चन्दननाथ गण पे फ | ० | ० | ० | ४५०००० | ४५०००० | |
| | | | ४८ | २०७७।७८ | ८० | अर्जुन विक पे फ | ० | ० | ० | १२००० | १२००० | |
| | | | ४९ | २०७७।७८ | ८० | अर्जुन विक पे फ | ० | ० | ० | १०८००० | १०८००० | |
| | | | ५० | २०७७।७८ | ८० | अग्नि इन्कपर्रिटेड प्रा लि पे फ | ० | ० | ० | १८००००० | १८००००० | |
| | | | ५१ | २०७७।७८ | ८० | अग्नि इन्कपर्रिटेड प्रा लि पे फ | ० | ० | ० | ३५९५१० | ३५९५१० | |
| | | | ५२ | २०७७।७८ | ८० | त्रिभूवन मावि भवन निर्माण पे फ | ० | ० | ० | १४७१३२ | १४७१३२ | |
| | | | ५३ | २०७७।७८ | ८० | त्रिभूवन मावि भवन निर्माण पे फ | ० | ० | ० | २९८००० | २९८००० | |
| | | | ५४ | २०७७।७८ | ८० | त्रिभूवन मावि भवन निर्माण पे फ | ० | ० | ० | ४२२९५०१ | ४२२९५०१ | |
| | | | ५५ | २०७७।७८ | ८० | स्वास्थ्य चौकी जगातिपूर पे फ | ० | ० | ० | ३६८६००० | ३६८६००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५७ | २०७७।७८ | ८० | त्रिभूवन मा वि पे फ | ० | ० | ० | २६८२००० | २६८२००० |
| ५८ | २०७७।७८ | ८० | त्रिभूवन मा वि पे फ | ० | ० | ० | २८५२००० | २८५२००० |
| ५९ | २०७७।७८ | ८० | त्रिभूवन मा वि वेरुजु असुल गरी पे फ | ० | ० | ० | १८९००० | १८९००० |
| ६० | २०७७।७८ | ८० | त्रिभूवन आ वि पे फ | ० | ० | ० | १६२९६० | १६२९६० |
| ६१ | २०७७।७८ | ८० | सरस्वती मावि पे फ | ० | ० | ० | ३८३००० | ३८३००० |
| ६२ | २०७७।७८ | ८० | सरस्वती मावि पे फ | ० | ० | ० | ५३४०४० | ५३४०४० |
| ६३ | २०७७।७८ | ८० | सरस्वती मावि पे फ | ० | ० | ० | ८२८९६० | ८२८९६० |
| ६४ | २०७७।७८ | ८० | चन्द्रज्योती आ वि पे फ | ० | ० | ० | २८१३०० | २८१३०० |
| ६५ | २०७७।७८ | ८० | त्रिभूवन मा वि पे फ | ० | ० | ० | ८४६००० | ८४६००० |
| ६६ | २०७७।७८ | ३२ | आवश्यक प्रमाण कागजात पेश | ० | ७१७३९९ | ० | ० | ७१७३९९ |
| ६७ | २०७७।७८ | ३७ | आवश्यक प्रमाण कागजात पेश | ० | १८४१५९ | ० | ० | १८४१५९ |
| ६८ | २०७७।७८ | ५१ | आवश्यक प्रमाण कागजात पेश | ० | ४९९१७८ | ० | ० | ४९९१७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६९ | २०७७।७८ | ७६.१२ | कर रकम असुल दाखिला | १४०० | ० | ० | ० | १४०० |
| **जम्मा** | | | | २२६४४०३ | २३५४२५२ | ० | ३३८२१६२६ | ३८४४०२८१ |

उल्लिखित सम्परीक्षणबाट निम्नानुसार थप वेरुजु कायम भएको छ ।

| **सि.नं.** | **आ.व.** | **वेरुजु दफा नं.** | **वेरुजुको संक्षिप्त व्यहोरा** | **रकम** |
|---|---|---|---|---|
| १ | २०७६।७७ | ११७ | धनसरा राना पे फ गर्दा दाखिला रकममा ब्याज असुल गर्नपर्ने | ३५१० |
| २ | २०७६।७७ | ११७ | जाजरकोट युवा ब्याडमिन्टन सघं पे फ गर्दा अग्रिम करकट्टी नभएको | २९७ |
| ३ | २०७६।७७ | ११७ | निशा थापा पे फ गर्दा अग्रिम करकट्टी नभएको | ३०६० |
| ४ | २०७६।७७ | ११७ | शाहीवावा एण्ड तारा कन्स्ट्रक्सन प्रा लि को पे फ गर्दा ब्याज असुल गर्नुपर्ने | ४२३० |
| ५ | २०७७।७८ | ८० | चन्द्रज्योति आवि वास सहितको शौचालय निर्माणमा घटी श्रमदान कट्टी | ४१४२६ |